२०७५

# सेवाप्रवेश शिक्षक तालिम पाठ्यक्रम

## आधारभूत तह

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर।

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तालिम सक्षमता | १ |
| ३. | तालिमका विषयवस्तु | २ |
| ४. | तालिम कार्यान्वयन कार्यविधि | ४ |
| ५. | तालिम मूल्याङ्कन | ६ |
| ६. | कार्ययोजना तथा प्रतिबद्धता | ६ |

## १. परिचय

शिक्षक तयारी र विकासले गुणस्तरीय शिक्षाको सुनिश्चिततामा महत्त्वपूर्ण भूमिका खेल्छ । गतिशील विश्वको परिवर्तित सन्दर्भमा विकसित भइरहेका नवीनतम प्रविधि, उपागम तथा तरिकासित परिचित भई शिक्षण सिकाइमा प्रयोग गर्नुपर्ने अवस्था पनि छ । त्यसका लागि शिक्षण पेसामा प्रवेश गरेसँगसँगै समयसामयिक सेवाप्रवेश तालिमका साथै निरन्तर पेशागत विकासका अवसरहरू सुनिश्चित गर्नु आवश्यक छ । यसै कुरालाई मध्यनजर गरी शैक्षिक जनशक्ति विकास केन्द्रले आधारभूत तहका नवप्रवेशी शिक्षकका लागि सेवाप्रवेश शिक्षक तालिम पाठ्यक्रम विकास गरेको छ ।

भर्खरै सेवा प्रवेश गरेका शिक्षकहरूलाई विद्यालयको वातावरणमा सामाजिकीकरणका लागि सहयोग पुर्‍याउन तथा प्रशासनिक एवम् व्यवहारिक पक्षहरूसँग परिचित गराउनका लागि यस पाठ्यक्रममा आधारभूत तहको विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका, शैक्षणिक योजना, सिकाइ सहजीकरण प्रक्रिया, शैक्षणिक सामग्री संकलन, निर्माण तथा प्रयोग र विद्यार्थी मूल्यांकन जस्ता मुख्य विषयवस्तु समावेश गरिएको छ ।

## २. तालिमका सक्षमता

शिक्षण सेवामा नवप्रवेशी आधारभूत तहका शिक्षकलाई विद्यमान विद्यालय शिक्षा र शिक्षण सिकाइ पद्धतिसँग साक्षात्कार गराउँदै कक्षाकोठा र बाहिर सिकाइ प्रवर्धनका लागि शिक्षकले खेल्नुपर्ने भूमिकासम्बन्धी जानकार बनाउने उद्देश्य लिएको यस तालिमपश्चात् सहभागी शिक्षकमा निम्न सक्षमताहरु विकास हुने अपेक्षा गरिएको छ :

- विद्यालय शिक्षासँग सम्बद्ध विद्यमान ऐन, नियमावली तथा अन्य कानुन बोध
- आधारभूत तहको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका विश्लेषण
- बालमैत्री सिकाइ वातावरण निर्माण गरी क्रियाकलापमा आधारित शिक्षण सिकाइ सञ्चालन
- शिक्षण सिकाइमा सान्दर्भिक शैक्षणिक सामग्रीको प्रयोग
- उपयुक्त मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ प्रवर्धन
- व्यवहारिक शैक्षणिक योजना निर्माण र प्रयोग

## ३. तालिमका विषयवस्तु

| क्र.सं. | विषयक्षेत्र | विषयवस्तु | भार (सत्र) |
|---|---|---|---|
| १. | विद्यमान विद्यालय ऐनकानुन | ● शिक्षा ऐन तथा नियमावली<br>○ सेवासर्त र सुविधा<br>○ आचारसंहिता (शिक्षक तथा विद्यार्थी)<br>○ कार्य सम्पादन मूल्याङ्कन<br>○ वैयक्तिक विवरण<br>○ सम्पत्ति विवरण<br>○ वृत्तिविकासका अवसर | २ |
| २. | पाठ्यक्रम अध्ययन | ● राष्ट्रिय पाठ्यक्रम प्रारूप र स्थानीय पाठ्यक्रम प्रारूप<br>● एकीकृत पाठ्यक्रमको अवधारणा<br>● आधारभूत तहको पाठ्यक्रम अध्ययन<br>● पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाबिच अन्तर्सम्बन्ध<br>● पाठ्यक्रमसँग सम्बद्ध अन्य सन्दर्भ सामग्रीको छनोट तथा र उपयोग | ३ |
| ३. | सिकाइ सहजीकरण | ● सिकाइका तरिका (बहुबौद्धिकता)<br>● बालमैत्री (अवधारणा, वातावरण, क्रियाकलाप) तथा क्रियाकलापमा आधारित सिकाइ<br>● आधारभूत तहमा प्रयोग गर्न सकिने शैक्षणिक विधि तथा क्रियाकलाप<br>● परिवेशअनुकुल कक्षा र सिकाइ व्यवस्थापन | ३ |
| ४. | शैक्षणिक सामग्री संकलन, निर्माण तथा प्रयोग | ● शिक्षक निर्मित तथा विद्यार्थी निर्मित सामग्री<br>● मुल्य नपर्ने र कम मुल्य पर्ने सामग्री<br>● आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आधारित | २ |

| | | | |
|---|---|---|---|
| | | शैक्षणिक सामग्रीको प्रयोग (अनलाइन सामग्री खोज लगायत) | |
| ५. | विद्यार्थी मूल्याङ्कन | • विद्यमान विद्यार्थी मूल्याङ्कन प्रणाली<br>• निरन्तर विद्यार्थी मूल्यांकन<br>• सिकाइका लागि मूल्यांकन (परियोजना कार्य लगायत) | २ |
| ६. | शैक्षणिक योजना | • व्यवहारिक पाठयोजना निर्माण र दैनिक शिक्षणमा प्रयोग<br>• वार्षिक कार्यतालिका र कार्ययोजना निर्माण<br>• सह तथा अतिरिक्त र पाठ्यान्तर क्रियाकलाप | २ |
| ७. | निरन्तर पेसागत विकास | • शिक्षक सक्षमता<br>• शिक्षक पेसागत विकास : विद्यमान प्रावधान एवम् अभ्यास<br>• सकारात्मक सोच<br>• सिकाइमा उत्सुकता र सहभागिता<br>• आपसी सहयोग र सिकाइ आदानप्रदान<br>• स्वप्रयत्नमा आधारित सिकाइ र नवप्रवर्तनात्मक अभ्यास<br>• सिकाइ सुधारमा कार्यमूलक अनुसन्धानको महत्त्व र प्रयोग (आधारभूत ढाँचा समेत)<br>• स्रोतसामग्रीको खोज तथा प्रयोग (छापाका सामग्री, वेवमा आधारित सामग्री, सहयोगी वेवसाइटहरू) | ३ |
| ८. | सहयोग र अन्तरसम्बन्ध | • शिक्षण तथा कार्यक्षेत्रसँग सम्बद्ध सरोकारवालासँग समन्वय र सहकार्य<br>○ विद्यार्थी<br>○ सहपाठी | २ |

| | | | |
|---|---|---|---|
| | | ○ प्रधानाध्यापक<br>○ विद्यालय व्यवस्थापन समिति<br>○ अभिभावक तथा समुदाय<br>○ शिक्षक अभिभावक संघ<br>○ स्रोतकेन्द्र/स्रोतव्यक्ति/विद्यालय निरीक्षक<br>○ स्थानीय तह<br>○ स्थानीय संघसंस्था<br>● सामाजिकीकरण | |
| ९. | विविध | ● कार्यक्रम अभिमुखीकरण<br>● सहभागीका अपेक्षा संकलन<br>● प्रि-टेस्ट तथा पोस्ट-टेस्ट<br>● कार्ययोजना तथा प्रतिबद्धता | २ |
| | जम्मा | | २१ |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### क. तालिमको अवधि

यो तालिम सात दिन अवधिको हुनेछ । सातै दिन आमने सामने पद्धतिबाट शैक्षिक तालिम केन्द्र मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तिन सत्रका दरले सात दिन अवधिमा २१ ओटा सेसनहरु सञ्चालन हुनेछन् । प्रति सेसन १ घण्टा ३० मिनेटको हुनेछ ।

### ख. तालिमको लक्षित समूह

यस तालिमको लक्षित समूह आधारभूत तहमा नवप्रवेशी शिक्षक हुनेछन् ।

### ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

- सेवाप्रवेश शिक्षक तालिम कार्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुनेछ ।

- शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सेसनसम्म विषयबस्तु शैक्षिक तालिम केन्द्रले स्थानीय सरोकारवालाको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ .
- शैक्षिक तालिम केन्द्रले स्थानीय आवश्यकता अनुसार ७ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

## घ. तालिम सहजीकरण

- शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारूप, २०७२ ले तोकेको आधार पुरा गरेको व्यक्ति हुनुपर्दछ । प्रशिक्षक व्यवस्थापनका लागि स्थानीय आवश्यकता र परिवेश अनुसार संस्थागत विद्यालयका संघसंस्थासँग सहकार्य गर्न सकिनेछ ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेछ ।
- तालिमका लागि आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्नेछ ।
- सिकाइ सहजीकरणका विधि तथा सुचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसंग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्नेछ ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दि"दै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ :
    - ✓ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
    - ✓ अन्तरक्रिया विधि
    - ✓ छलफल तथा समूह कार्य विधि
    - ✓ परियोजना कार्य विधि
    - ✓ अवलोकन विधि
    - ✓ मामला अध्ययन

- ✓ समस्या समाधान र स्वअध्ययन विधि
- ✓ खेल विधि
- ✓ समूह शिक्षण विधि

**५. तालिम मूल्याङ्कन**

क. यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रूपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिताका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछ ।

ख. सहभागी शिक्षकहरुलाई तालिम पश्चात् तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ ।

**६. कार्ययोजना तथा प्रतिबद्धता**

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा क्रियाकलापको कार्ययोजना बनाई प्रस्तुत गर्नुपर्नेछ ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका पाठयोजना समेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपनेछ ।

ग. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधार गर्ने प्रतिबद्धता शैक्षिक तालिम केन्द्र समक्ष गर्नु पर्नेछ ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शैक्षिक तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्नेछ ।

ΩΩΩ